किशोरकिशोरीको समग्र विकासका लागि

किशोर किशोरी भए दक्ष, बन्छ देशको भविष्य

# रूपान्तरण

## सहजकर्ता तालिम पुस्तिका

खण्ड ९

# नागरिक सहभागिता

गाउँ तथा नगरमा योजना तर्जुमामा किशोरकिशोरीको सहभागिता प्रक्रिया



# प्राक्कथन

नेपाल सरकारले किशोरकिशोरीको समग्र विकासका लागि उनीहरूको अधिकार र विकाससँग सम्बन्धित सवालहरूलाई आफ्ना नीति, योजना तथा कार्यक्रमहरूमा एकीकृत रुपमा समायोजन गर्दै विकास प्रक्रियाको मूलप्रवाहमा समाहित गर्ने पहल गरेको छ ।

किशोरावस्थामा आउने विभिन्न शारीरिक, मानसिक, बौद्धिक र सामाजिक परिवर्तनहरूलाई बुझ्न नसक्दा र यस्ता परिवर्तनहरूमा अभिभावकहरूको उचित साथ र सहयोग नपाउँदा किशोरकिशोरीले विभिन्न जोखिमपूर्ण र संवेदनशील परिस्थितिको सामना गर्न बाध्य हुनुपर्दछ । अर्कातिर, समाजमा विद्यमान गलत धारणा, परम्परा, मूल्यमान्यता र सोचाइले किशोरकिशोरीको समग्र विकासमा असर पुऱ्याएको पाइन्छ । यिनै चुनौतीहरूलाई मध्यनजर गरी नेपाल सरकारले किशोरकिशोरीको समग्र विकासका निम्ति आवश्यक सवालहरूलाई सम्बोधन गर्दै उनीहरूको अधिकारको संरक्षण र सम्बर्द्धनका लागि "किशोरकिशोरीको समग्र विकासका लागि राष्ट्रिय कार्ययोजना २०७०/७१-२०७४/७५" तयार गरी, सो कार्ययोजनाको कार्यान्वयन अगाडि बढाएको छ । उक्त कार्ययोजनामा समावेश गरिएका विभिन्न सवालहरूमा किशोरकिशोरीको ज्ञान र सिप अभिवृद्धि गर्ने उद्देश्य अनुरुप "रूपान्तरण" तालिम पुस्तिका तयार गरिएको हो ।

यस तालिम पुस्तिकामा स्वस्थ र सुरक्षित वातावरण, शिक्षा र सीप, जीविकोपार्जन तथा आर्थिक सशक्तीकरण, नागरिक संलग्नता र सहभागिता, लैङ्गिक समता र सामाजिक समावेशीकरण जस्ता कार्ययोजनाले महत्वपूर्ण ठानेका सवालहरूलाई समावेश गरिएको छ । १०-१४ बर्ष र १५-१९ वर्षका किशोरकिशोरीमा आउने फरक परिवर्तनहरूलाई ध्यान दिँदै तालिमका सत्र तथा मुख्य सन्देशहरू तयार गरिएका छन् । त्यसैगरी किशोरकिशोरीको विकासका लागि समुचित वातावरण तयार गर्न अभिभावकहरूको महत्त्वपूर्ण भूमिका हुने भएकाले अभिभावकहरूका लागि पनि छुट्टै तालिम पुस्तिका तयार गरिएको छ ।

"रूपान्तरण"ले किशोरकिशोरीको स्थितिमा सकारात्मक परिवर्तन ल्याउन सक्ने अपेक्षा सहित यसलाई राष्ट्रिय कार्ययोजना कार्यान्वयनको एउटा अंशको रुपमा लिइएको छ ।

तालिम पुस्तिका तयारीका क्रममा किशोरकिशोरीको समग्र विकासका लागि राष्ट्रिय कार्ययोजनाले पहिचान गरेका सवालहरूलाई आत्मसात् गर्दै उनीहरूको विकासका लागि तयार गरिएका विभिन्न स्रोत सामग्रीहरू, तालिम निर्देशिकाहरू, प्रतिवेदन आदिको सङ्कलन, अध्ययन तथा विश्लेषण गरिएको थियो । किशोरकिशोरीका सवालहरू, अपेक्षाहरू र उनीहरूले रुचाउने सिकाइ विधिहरूको पहिचानका लागि अछाम, सप्तरी र दोलखाका किशोरकिशोरी तथा सरोकारवालाहरूसँग परामर्श गरिएको थियो । बिषयगत प्राविधिक विशेषज्ञहरूसँग सल्लाह तथा सुझाव लिइएको थियो । यसरी तयार गरिएको तालिम पुस्तिकाको खाकालाई अछाम र सप्तरी जिल्लाका किशोरकिशोरी र अभिभावकहरूसँग पूर्व परीक्षण गरी अन्तिम रुप दिइएको थियो ।

"रूपान्तरण" तालिम पुस्तिका तयारीका लागि अग्रसरता देखाउने सम्बन्धित मन्त्रालयका पदाधिकारीहरू, आर्थिक तथा भौतिक सहयोग गर्ने संयुक्त राष्ट्र बाल कोष (UNICEF) तथा संयुक्त राष्ट्र जनसंख्या कोष (UNFPA), तालिम पुस्तिका तयारी गर्ने संस्थाहरू रेस्टलेस डेभलपमेन्ट, सिविन नेपाल र रिन्युएबल वर्ल्ड, तालिम पुस्तिकालाई अछाम र सप्तरीका किशोरकिशोरी र अभिभावक बिचमा पूर्व परीक्षण गरी महत्वपूर्ण सुझावहरू सङ्कलन गर्ने सम्झौता नेपाल र वाइ पियर नेपाल प्रति नेपाल सरकार आभार प्रकट गर्दछ । तालिम पुस्तिका तयार गर्ने क्रममा सेभ द चिल्ड्रेन नेपालले दिएको सल्लाह र सुझाव तथा यस पुस्तिकाको पूर्व परीक्षणका लागि गरेको महत्वपूर्ण सहयोग सराहनीय छ ।

त्यस्तै यो तालिम पुस्तिका लेखन तथा सम्पादनमा संलग्न व्यक्तित्वहरू, निर्माणका क्रममा सरसल्लाह तथा सुझाव दिनुहुने संस्थाहरू, किशोरकिशोरीहरू, शिक्षक तथा अभिभावकहरू धन्यबादका पात्र हुनुहुन्छ ।

तालिम पुस्तिकाको प्रभावकारी कार्यान्वयनले किशोरकिशोरीको उज्ज्वल भविष्य निर्माणमा सहयोग पुऱ्याउनेछ भन्ने अपेक्षा गरिएको छ । अन्त्यमा, नेपाल सरकार यस पुस्तिकाको प्रभावकारी कार्यान्वयनका लागि सम्वन्धित सबै सरकारी र स्थानीय निकाय, राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, दातृ निकायहरू र नागरिक समाजसँग हार्दिक आग्रह गर्दछ ।

धन्यवाद ।

**चुडामणि पौडेल**
सह सचिव,
युवा तथा खेलकुद मन्त्रालय

**कृष्ण प्रसाद पौड्याल**
महानिर्देशक
महिला तथा बालबालिका विभाग

# परिचय :

समुदायको विकासका लागि गरिने विभिन्न निर्णय प्रक्रियामा, विकाससँग सम्बन्धित गतिविधिहरूमा, स्रोत व्यवस्थापन गर्ने सन्दर्भमा, समुदायमा शासन गर्ने सन्दर्भमा सरकार सँगैसँगै मिलेर व्यक्तिगत वा सामूहिक रूपमा संलग्न हुनु नै नागरिक सहभागिता हो । हरेक नागरिकले आफ्नो परिवारदेखि समुदाय, स्कुल, गा.वि.स., घर परिवार र राज्यको निर्णय प्रक्रिया, स्रोत व्यवस्थापन र शासनमा सहभागी हुनुपर्छ, त्यो उसको अधिकार र कर्तव्य दुवै हो । किशोरकिशोरीले समुदायको विकास तथा सामाजका विभिन्न गतिविधिहरूमा स्वयंसेवा गर्नु पर्दछ । किशोरकिशोरीले स्थानीय स्तरमा हुने सार्वजनिक सुनुवाइ साथै गाउँ परिषद्, नगर परिषद्, जिल्ला परिषद्, इलाका भेला, योजना तर्जुमा, समितिको बैठक तथा सामाजिक लेखा परीक्षणमा भाग लिन सकेमा उनीहरूका आफ्ना विषयहरूलाई राख्ने मौका पाउनुका साथै अर्थपूर्ण सहभागिता पनि हुन्छ ।

नागरिक सहभागिता अन्तर्गतको सत्रमा सहभागिता, सार्वजनिक सुनुवाइ, कार्ययोजना तर्जुमा, स्थानीय योजना निर्माण प्रक्रिया तथा पञ्जीकरण एवम् मतदाता नामावली समावेश गरिएको छ ।

# सत्र ८

# नागरिक सहभागिता

## उद्देश्य :

**यस सत्रको अन्त्यमा सहभागीहरूले :**

- सहभागिता भनेको के हो बताउन सक्नेछन् ।
- सार्वजनिक सुनुवाइ भनेको के हो र सार्वजनिक सुनुवाइमा कसरी भाग लिन सकिन्छ, बताउन सक्नेछन् ।
- स्थानीय स्तरमा हुने योजना निर्माण, कार्यान्वयन र अनुगमन जस्ता कार्यमा किशोरकिशोरीको सहभागिताका बारेमा बताउन सक्नेछन् ।
- पञ्जीकरण र मतदाता नामावलीका बारेमा जानकारी प्राप्त गरी समुदायमा छलफल गर्न सक्नेछन् ।

## समय :

२ घण्टा ३० मिनेट

## आवश्यक सामग्रीहरू :

न्युजप्रिन्ट, मेटाकार्ड, मार्कर, सेतोपाटी वा कालोपाटी, चक, विभिन्न सङ्घसँस्थामा किशोरकिशोरीको सहभागिता झल्काउने खालका चार्टहरू, पञ्जीकरण उल्लेख गरिएको हातको चित्र

## पूर्व तयारी :

विद्यालय, समुदाय, परिवार तथा युवाक्लबमा किशोरकिशोरीहरूको सहभागिता झल्काउने खालका चार्टहरू तयार गर्ने । समता किशोरी समूहको कार्ययोजना न्युजप्रिन्टमा लेखी तयार गर्ने ।

## विधि :

समूह छलफल, भूमिका अभिनय र प्रश्न उत्तर

## अघिल्लो सत्रको पुनरावलोकन

१० मिनेट

अघिल्लो सत्रमा तयार पारिएको कार्य योजना कार्यान्वयन र उपलब्धिबारे छलफल गर्ने ।




| के के सिकियो ? | के के गरियो ? |
|---|---|
| | |
| | |
| | |
| | |

१०-१९ बर्ष उमेर समूहका लागि

# क्रियाकलाप १ :
# सहभागिता

३० मिनेट

**उद्देश्य** : यस क्रियाकलापको अन्त्यमा सहभागीहरूले :
सहभागिता भनेको के हो, बताउन सक्नेछन् ।

**विधि** : समूह छलफल

**आवश्यक सामग्री** : कागजका टुक्राहरू, अभ्यास पुस्तिका, ९.१ फाराम

१. सबै सहभागीलाई चार समूहमा विभाजन गर्ने ।
२. ती समूहबाट एक एकजनालाई परिवारमा, विद्यालयमा, समुदायमा र किशोरकिशोरी क्लबमा लेखिएका कागजका टुक्राहरूको गोला छान्न लगाउने ।
३. आफूलाई परेको शीर्षकमा किशोरकिशोरी कसरी सहभागी हुन सक्छन् भनी छलफल गर्न लगाउने ।
४. सहभागिता अभ्यास पुस्तिका ९.१ मा भएको फारममा दिएजस्तै गरी सहभागीहरूलाई उनीहरूले पाएको विषयमा सहभागिता कार्ययोजना बनाउन लगाउने ।
५. सबै समूहलाई पालैपालो प्रस्तुतीकरण गर्न लगाउने ।



**निष्कर्ष :**

- समुदायको विकासका लागि गरिने विभिन्न निर्णय प्रक्रियामा, विकाससँग सम्बन्धित गतिविधिहरूमा, स्रोत व्यवस्थापन गर्ने सन्दर्भमा, समुदायमा शासन गर्ने सन्दर्भमा सरकार सँगैसँगै मिलेर व्यक्तिगत वा सामूहिक रूपमा संलग्न हुनु नै नागरिक सहभागिता हो । हरेक नागरिकले आफ्नो परिवारदेखि समुदाय, स्कुल, गा.वि.स., नगरपालिका, घर परिवार र राज्यको निर्णय प्रक्रिया, स्रोत व्यवस्थापन र शासनमा सहभागी हुनुपर्छ । त्यो उसको अधिकार र कर्तव्य दुवै हो ।
- किशोरकिशोरीले समुदायको विकास तथा सामाजिक सवालहरूमा स्वयंसेवा गर्नु पर्दछ ।
- स्थानीय स्तरमा हुने सार्वजनिक सुनुवाइ तथा सामाजिक लेखा परीक्षणमा भाग लिनुपर्छ ।

१०-१९ वर्ष उमेर समूहका लागि

# क्रियाकलाप २ :
# सार्वजनिक सुनुवाइ

**उद्देश्य : यस क्रियाकलापको अन्त्यमा सहभागीहरूले :**
**सार्वजनिक सुनुवाइ भनेको के हो र सार्वजनिक सुनुवाइमा कसरी भाग लिन सकिन्छ भन्ने बारे बताउन सक्नेछन् ।**

३० मिनेट

**विधि : भूमिका अभिनय**

१. सबै सहभागीलाई तलको कथा अध्ययन गर्न लगाउने :

## कथा

रातमाटे गा.वि.स.मा आर्थिक वर्ष ०६८/०६९ का लागि रु ३१ लाख ५० हजारको बजेट विनियोजन गरिएको थियो । बजेट प्रभावकारी रूपमा कार्यान्वयन गराउनका लागि गा.वि.स.अध्यक्षका रूपमा काम गरिरहेका गा.वि.स.सचिवले (स्थानीय निकायको निर्वाचन नभएका कारणले त्यतिखेर गा.वि.स.अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष लगायतका निर्वाचित जनप्रतिनिधिहरू थिएनन्) गा.वि.स.का सबै वडा नागरिक मञ्चका प्रतिनिधिहरू, समाजसेवी, बाल क्लबका प्रतिनिधिहरू, विभिन्न राजनीतिक दलका प्रतिनिधिहरू, सङ्घ सँस्थाका प्रतिनिधिहरू लगायतको उपस्थितिमा गाउँ परिषद्को आयोजना गरी सडक निर्माणमा रु १० लाख, विद्यालय पुनर्निर्माण तथा शिक्षामा रु ५ लाख, खानेपानी तथा सरसफाइका लागि रु ५ लाख, विद्युत् सेवा विस्तारमा रु ५ लाख र महिला, युवा, किशोरकिशोरी तथा बालबालिकाको समग्र विकासका लागि रु १ लाख ५० हजार र प्रशासनिक खर्च रु ५ लाख छुट्याए । यी सबै कार्यका लागि एक एकवटा उपभोक्ता समिति बनाएर कामका लागि ती समितिहरूलाई जिम्मा लगाइयो ।




त्यसरी विनियोजन गरिएको बजेट अनुसार एक वर्षभरि काम गरी गा.वि.स.सचिवले गा.वि.स.बासी तथा विभिन्न प्रतिनिधिहरूको उपस्थितिमा गा.वि.स.कार्यालयमा सार्वजनिक सुनुवाइको आयोजना गरेका थिए । एक वर्ष अगाडि गरिएको बजेट योजना अनुसार नै सबै काम भएको थियो । तर विद्युत् विस्तारका लागि विनियोजन गरिएको रु ५ लाखमा ३ लाख मात्र खर्च भई बाँकी रहेको २ लाख सडक निर्माणमा खर्च

भएको गा.वि.स.सचिवले बताए । त्यस सार्वजनिक सुनुवाइमा गा.वि.स.मा भएको खर्च कुनकुन शीर्षकमा कति र कसरी भयो ? निर्णय तथा कार्यान्वयन प्रक्रियामा स्थानीय बासिन्दाको सहभागिता कस्तो रह्यो ? आदि विषयमा छलफल गरिएको थियो ।

२. सहजकर्ताले सहभागीमध्ये कुनै चारजनालाई छनोट गरी एकजनालाई गा.वि.स.सचिव, बाँकी तिनजनालाई काम गर्न बनाइएको उपभोक्ता समितिको अध्यक्षहरूको भूमिका निर्वाह गर्न लगाउने र अन्य सहभागीहरूमध्ये केहीलाई राजनीतिक दलका प्रतिनिधि, केहीलाई बाल क्लबका प्रतिनिधि, युवा सँस्थाका प्रतिनिधि केहीलाई स्थानीय सङ्घ सँस्थाका प्रतिनिधि र केहीलाई स्थानीय बासिन्दाको प्रतिनिधित्व गर्दै सार्वजनिक सुनुवाइमा सहभागीको भूमिका निर्वाह गर्न लगाउने ।



३. गा.वि.स.सचिव र उपभोक्ता समितिका अध्यक्षहरूको अभिनय गर्ने सहभागीहरूले सार्वजनिक सुनुवाइमा सहभागिता जनाउने अरु सहभागीहरूको प्रश्न तथा जिज्ञासाको नम्र भाषामा प्रस्ट जबाफ दिने ।

४. सहजकर्ताले सार्वजनिक सुनुवाइका लागि ३० मिनेटको समय दिई भूमिका अभिनय गर्न लगाउने । भूमिका अभिनय गर्ने सहभागीलाई कथामा दिए अनुसारको बजेट र कार्यक्रमसँग सम्बन्धित प्रश्न, जिज्ञासा मात्र राख्न लगाउने । भूमिका अभियनपछि सहजकर्ताले निम्न प्रश्न सोधी छलफल गर्ने :




क) भूमिका अभिनयबाट के थाहा पाउनु भयो ?

ख) किन रातमाटे गा.वि.स.को सार्वजनिक सुनुवाइ गरिएको हो ?

ग) किन किशोरकिशोरीहरू सार्वजनिक सुनुवाइमा सहभागी हुनु पर्ने रहेछ ?

**निष्कर्ष :**

- सार्वजनिक सुनुवाइ भनेको सम्बन्धित सरोकारवालाहरूको उपस्थितिमा सार्वजनिक रूपमा गरिने छलफल हो जहाँ सहभागीहरूलाई कुनै पनि कार्यक्रम वा परियोजनाको बारेमा उक्त कार्यक्रमको योजना निर्माण कसरी भयो, कति बजेट छ वा थियो र कति खर्च गरियो भन्ने सूचना दिइन्छ ।
- कार्यक्रम वा परियोजनाको कार्यान्वयन कसरी गरियो भन्ने कुराको छलफल सार्वजनिक सुनुवाइमा हुन्छ ।
- सार्वजनिक सुनुवाइको उद्देश्य निर्णय प्रक्रियामा सम्बन्धित सरोकारवालाहरूको कसरी सहभागिता रह्यो लगायतका विषयमा जानकारी लिनुदिनु हो ।
- सार्वजनिक सुनुवाइ सम्बन्धित सरोकारावालाहरू माझमा योजना तथा कार्यक्रमहरूको जानकारी दिने तथा सरोकारवालाहरूलाई आफूलाई आवश्यक परेको जानकारी लिन सक्ने कार्यक्रम हो ।

१०-१९ वर्ष
उमेर समूहका लागि

४० मिनेट

# क्रियाकलाप ३ :
# कार्य योजना तर्जुमा

**उद्देश्य :** **यस क्रियाकलापको अन्त्यमा सहभागीहरूले : स्थानीय स्तरका सवालहरू सम्बोधन गर्नका लागि आफूले निर्वाह गर्नुपर्ने जिम्मेवारीका बारेमा योजना निर्माण गर्न सक्नेछन् ।**

**विधि :** **समूह छलफल**

**आवश्यक सामग्री :** **विभिन्न खाताहरू लेखिएका मेटाकार्डका टुक्राहरू, कार्यपुस्तिका ९.२ अभ्यास कार्ययोजना**



१. सहभागीहरूलाई ४ समूहमा विभाजन गर्ने ।

२. प्रत्येक समूहलाई चुरोट तथा मादक पदार्थबाट हुने हानि, सामाजिक समावेशीकरण, सरसफाइ र पोषणजस्ता स्थानीय सामाजिक सवाल लेखिएका मेटाकार्डहरू (साना कागजका टुक्राहरू) मध्येबाट १/१ वटा टिप्न लगाउने । अथवा समूहले किशोरकिशोरीसँग स्थानीय स्तरमा सम्बन्धित सवालहरू छान्न सक्नेछन् ।

३. आफूलाई परेको/छानेको सवालमा सहभागीहरूलाई कार्ययोजना निर्माण गर्न लगाउने । यसका लागि सहभागी कार्यपुस्तिकाको ९.२ मा प्रस्तुत गरिएको समता किशोरी समूहले तयार पारेको नमुना कार्ययोजना हेर्न लगाउने ।

## ९.२ : सामाजिक सुधारका लागि समता किशोरी समूहले तयार पारेको कार्ययोजनाको नमुना

| सामाजिक सुधारका स्थानीय सवाल | सो सवालबाट पीडितहरू कोको छन् ? | सो सवालबाट अरु कोको जोखिममा छन् ? | तिनीहरूको संरक्षण गर्न हामीले के गर्ने ? | कसरी गर्ने ? | कसको सहयोग लिने ? | कहिले र कहाँ गर्ने ? |
|---|---|---|---|---|---|---|
| बालविवाह | विद्यालय जान छाडेका किशोरीहरू | विद्यालय जान छाडेका किशोरकिशोरीहरू, विद्यालय कहिल्यै नगएका किशोरकिशोरीहरू र बालविवाहलाई उचित ठान्ने परिवारका किशोरकिशोरीहरू | बालविवाह गर्दा हुने बेफाइदा सम्बन्धी जनचेतना फैलाउने | सडक नाटक, घरदैलो भेट र छलफल, प्रहरीसँग सहकार्य | किशोरी समूह साथीहरू, अन्य विद्यार्थी साथीहरू, जुनियर रेडक्रस सर्कल, शिक्षक, प्रहरी, अभिभावक | मिति ..... मा ...... गा.वि.स.को वडा नं ...... गाउँमा गर्ने |

४. सहजकर्ताले सबै समूहलाई उनीहरूले अघि टिपेका सामाजिक सवालमा यही नमुना कार्य योजना जस्तै कार्य योजना तयार पार्न लगाउने । यसका लागि ३० मिनटको समय दिने

५. सबै समूहको कार्ययोजना तयार भइसकेपछि समूह प्रस्तुतीकरण गर्ने ।

**सहजकर्ताका लागि नोट :**

- सहभागीहरूलाई आफूले बनाएको कार्ययोजना आफ्नो समुदायमा वास्तविक रूपमै कार्यान्वयन गर्न अभिप्रेरित गर्नुहोस् ।
- सहभागीहरूले समूह छलफलमा तयार गरेका कार्ययोजना कार्यान्वयन गर्नका लागि टोली गठन गर्न सुझाव दिनुहोस् ।

**निष्कर्ष :**

- कुनै पनि कामलाई सही तरिकाले सही समयमा समापन गर्नका लागि कार्ययोजनाको आवश्यकता पर्दछ । किशोरकिशोरीले पनि स्थानीय स्तरमा विभिन्न सवालहरूको कार्ययोजना बनाएर काम गर्नुपर्दछ । त्यसै गरी स्थानीय स्तरमा हुने कार्य योजना तर्जुमामा पनि किशोरकिशोरीको सहभागिता हुन जरुरी छ ।




# क्रियाकलाप ४ : स्थानीय योजना निर्माण प्रक्रिया

**उद्देश्य :** यस क्रियाकलापको अन्त्यमा सहभागीहरूले :
स्थानीय स्तरमा हुने योजना निर्माण, कार्यान्वयन र अनुगमन जस्ता कार्यमा किशोरकिशोरीको सहभागिता प्रक्रियाको बारेमा बताउन सक्नेछन् ।

३० मिनेट

**विधि :** समूह छलफल

**आवश्यक सामग्री :** चित्र

**गाउँ तथा नगरमा योजना तर्जुमामा किशोरकिशोरीको सहभागिता प्रक्रिया**



१. सबै सहभागीलाई ४ समूहमा विभाजन गर्ने र आआफ्नो समूहमा तलको चित्र हेरी त्यस चित्रबाट के बुझिन्छ, १० मिनेट छलफल गर्न लगाउने ।

२. कुनै एक समूहलाई त्यस समूहको बुझाइ प्रस्तुत गर्न लगाउने र बाँकी समूहको सोभन्दा केही फरक बुझाइ भएमा छलफल गर्ने ।

३. गा.वि.स.को योजना प्रक्रियाको छलफल पश्चात् सहभागीहरूलाई आआफ्नो समूहमा बस्न लगाउने । प्रत्येक समूहलाई तलको एक एक विषयमा छलफल गरी प्रस्तुत गर्न लगाउने । एउटा समूहले प्रस्तुत गर्दा अन्य समूहको केही थप सुझाव भए राख्न लगाउने ।

## विषयहरू :

- स्थानीय योजना निर्माणमा किशोरकिशोरीको सहभागिता कसरी हुन सक्छ ?
- स्थानीय कार्यक्रम कार्यान्वयनमा किशोरकिशोरीको सहभागिता कसरी हुन सक्छ ?
- स्थानीय योजनाको अनुगमन कार्यमा किशोरकिशोरीको सहभागिता कसरी हुन सक्छ ?

## सहजकर्ताले ध्यान दिनु पर्ने कुराहरू :

- सहभागीहरूले समूह छलफल गर्दा स्थानीय स्तरमा हुने कार्य योजना निर्माण, त्यसको कार्यान्वयन तथा अनुगमनमा सहभागी हुने उचित उपायहरू पहिचान गरेको सुनिश्चित गर्ने ।

## निष्कर्ष :

- स्थानीय स्तरको योजना निर्माण, योजनाको कार्यान्वयन र योजना अनुगमनमा सक्रिय सहभागी हुनु असल नागरिकको जिम्मेवारी हो । समुदायमा हुने यस प्रकारका कार्यमा किशोरकिशोरीले पनि सक्रिय सहभागिता देखाउनुपर्दछ । जसका कारणले उनीहरूसँग सम्बन्धित विभिन्न विषयहरूमा बजेट विनियोजन गर्न/छुट्याउन सहयोग तथा दबाब पुग्दछ ।




# क्रियाकलाप ५ :
# पञ्जीकरण र मतदाता नामावली



१५ मिनेट

**उद्देश्य** : यस क्रियाकलापको अन्त्यमा सहभागीहरूले : पञ्जीकरण र मतदाता नामावलीका बारेमा जानकारी प्राप्त गरी छलफल गर्न सक्नेछन् ।

**विधि** : प्रश्नोत्तर

**आवश्यक सामग्री** : हातको चित्र, सेतो पाटी, मार्कर

१. हाम्रो जीवनका पाँचवटा मुख्यमुख्य अवस्थाहरू के के हुन् भनी सोध्ने र सहभागीहरूलाई कार्य पुस्तिका ९.३ मा लेख्न लगाउने । सोका लागि ५ मिनेट समय दिने । सहभागीहरू मध्ये कुनै एकजना सहभागीलाई प्रस्तुत गर्न लगाउने र अन्य सहभागीहरूले सो भन्दा फरक लेखेको भए भन्न लगाउने ।

   सहजकर्ताले सहभागीबाट आएका कुरा तलको हातको चित्र अनुसार भए नभएको रुजु गर्ने ।



२. पुनः सहभागीलाई मतदाता दर्ता भनेको के हो भनी सोध्ने । सहभागीबाट आएका उत्तरलाई कालोपाटी वा न्युजप्रिन्टमा टिप्दै जाने ।



३. सहजकर्ताले निर्वाचनको माध्यमबाट आफूले मन पराएको प्रतिनिधि छान्न पाउनु नागरिकको अधिकार हो । मतदान गर्न मतदाता नामावलीमा आफ्नो नाम अनिवार्य रूपमा दर्ता गराउनु पर्छ भनी जानकारी दिने ।

४. सहजकर्ताले तलको मतदाता नामावली दर्ताको प्रक्रिया स्पष्ट पारिदिने ।



## मतदाता दर्ता प्रक्रिया

- मतदाता नामावलीमा नाम दर्ता गर्न निर्वाचन आयोगले तोकेको समयमा जिल्ला निर्वाचन कार्यालय वा गा.वि.स.वा नगरपालिकामा जानुपर्छ । मतदाता नामावलीमा नाम दर्ता गर्न १८ वर्ष उमेर पुगेको र नागरिकता लिइसकेको हुनुपर्छ ।

  आफूले रोजेको प्रतिनिधि वा नेता छान्नका लागि अनिवार्य रूपमा मतदाता नामावलीमा नाम दर्ता गराउनु पर्दछ । मतदाता नामावली सूचीमा नाम भएमा मात्रै आफ्नो मताधिकार प्रयोग गर्न पाइन्छ ।

### निष्कर्ष :

- मानिसको जीवनमा जन्म, विवाह, बसाइसराइ, पारपाचुके र मृत्यु अत्यन्त महत्वपूर्ण घटना हुन् । यी घटनाहरू समयमा नै सम्बन्धित निकायमा गएर पञ्जीकरण गर्नुपर्छ । पञ्जीकरण गर्दा कानुनी हिसाबबाट आफ्नो अधिकार सुरक्षित हुन्छ ।

५ मिनेट

### सिकाइ मापन

- आजको सत्रमा सिकेका मुख्य सिकाइहरू के के भए ?
- छलफलको अन्त्यमा सहभागीहरूलाई सत्रमा सिकेका मुख्यमुख्य कुराहरूमध्ये आउने ७ दिनभित्र गर्न केके गर्न सकिन्छ, लेख्न लगाउने ।



# पाठ्य सामग्री :

## नागरिक सहभागिता :

आफ्नो जीवनमा प्रभाव पार्ने जुनसुकै निर्णय प्रक्रियामा सहभागी हुन पाउनु किशोरकिशोरीको अधिकार हो । त्यसैगरी आफ्नो समाजमा हुने जुनसुकै सामाजिक गतिविधि, विकास निर्माण जस्ता सार्वजनिक क्रियाकलापमा सहभागी हुन पाउनु पनि उनीहरूको अधिकार हो । यस्ता क्रियाकलापहरूमा स्वतःस्फुर्त स्वयंसेवी भावनाले संलग्न हुनु उनीहरूको नागरिक दायित्व हो । यसरी निर्णय प्रक्रिया तथा सार्वजनिक क्रियाकलापहरूमा सहभागी हुँदा आफ्ना कुराहरू राख्न पाइन्छ जसले गर्दा किशोरकिशोरी अनुकूलका निर्णयहरू हुन सक्छन् । किशोरकिशोरीले सहभागी हुँदा आफूले राखेका विचारहरूमा अरूहरूलाई सहमत गराउन सक्ने, अरूलाई प्रभावित पार्न सक्ने ढङ्गले प्रस्तुत हुनुपर्छ । यस्तो सहभागितालाई समान्य बोलिचालीको भाषामा अर्थपूर्ण सहभागिता भनिन्छ । उदाहरणका लागि किशोरकिशोरीलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा आमन्त्रित सदस्यको रूपमा निम्ता गरियो भने त्यो बैठकमा के कुरा राख्ने, कसरी राख्ने भन्ने विषयमा राम्रो पूर्व तयारी गरेर जानु पर्छ र कसरी राख्दा अरूहरूलाई सहमत गराउन सकिन्छ भन्ने कुराको पनि हेक्का राख्नुपर्छ । यसका लागि आफ्ना साथीहरूसँग पनि छलफल गरेर सहमति साथ गएको हुनुपर्दछ । साथै बैठकमा सहभागी हुनेले आफ्नो समूहको प्रतिनिधित्व गरेर साथीहरूका समस्यालाई बैठकको एजेन्डामा समावेश गरी अनुकूल निर्णयको सुनिश्चितता गर्नुपर्छ । आफ्ना प्रतिनिधिले भनेका कुराहरू निर्णयकै रूपमा आउँछन् कि आउँदैनन् भनी किशोरकिशोरीले विचार पनि पुऱ्याउनु पर्दछ । त्यसो भएमा मात्र प्रभावकारी सहभागिता हुन सक्दछ ।

मानिसले गर्भावस्थादेखि नै विभिन्न अधिकार प्राप्त गर्दछ । मानिसको स्वतन्त्रता र अधिकारहरूको सुनिश्चित गर्ने दायित्व हरेक राज्यको हो । नागरिक सहभागिताले व्यक्ति र राज्यबिच केकस्तो सम्बन्ध हुन्छ भन्ने कुरालाई बुझाउने गर्दछ । यसका साथै व्यक्तिले किन नागरिक बन्ने अधिकार पाउँछ, नागरिक भइसकेपछि राज्यले के कुरा दिन्छ र राज्यलाई आफूले के करा दिनुपर्छ भन्ने बारेमा नागरिक शिक्षाले सचेत बनाउँछ । नेता र नेतृत्व के हो, नेतृत्व कस्तो हुनुपर्दछ, हामीले कस्ता नेता छान्नुपर्दछ, नेताहरूले जनताको प्रतिनिधि भएर कसरी कानुन बनाउँछन्, कानुनी शासन भनेको के हो भन्ने जस्ता महत्त्वपूर्ण विषय यसले समेट्दछ । हामीले अरूलाई किन समावेश गराउनु पर्दछ, बहिष्कारको परिणाम के हुन सक्छ, हामीले विभिन्नतालाई सम्मान कसरी र किन गर्ने भन्ने प्रश्नको उत्तर खोज्ने प्रयास पनि नागरिक शिक्षाले गर्दछ । यसले हाम्रो समाजमा व्याप्त भ्रष्टाचार, अनुशासनहीन क्रियाकलाप र आर्थिक अनियमितता र ठगीबाट देशलाई कसरी हानि नोक्सानी पुग्छ भन्ने कुराको सचेतना जगाई असल शासन निर्माणमा सहयोग पुऱ्याउँछ ।

सुशासन भनेको असल शासन हो । लोकतान्त्रिक देशको शासन त्यहाँका जनताले पत्याएका, विश्वास गरेका वा चुनेर पठाएका व्यक्तिहरूले गर्ने गर्दछन् । त्यसैले देशको संविधान, कानुन बनाउने निकाय, सरकार, न्याय दिने निकायहरू सबै नै त्यस देशका जनताहरूप्रति उत्तरदायी र जिम्मेवार हुनुपर्दछ । नागरिकले आफैँले छानेको वा विश्वास गरेको व्यक्तिलाई कानुन बनाउन र सरकार चलाउन सहमति दिएका हुन्छन् । यदि कुनै सरकार वा कानुन बनाउने अधिकार पाएको निकाय जनताप्रति उत्तरदायी नभएर आफ्नो व्यक्तिगत स्वार्थमा लाग्दछ भने त्यस्ता व्यक्ति वा सरकारलाई आफूले दिएको शक्ति जनताले फिर्ता लिन पाउँछन् । नागरिकहरू आफ्ना लागि आफैंले छानेका प्रतिनिधि मार्फत् शासित हुन्छन् । आफ्ना लागि कस्तो शासन व्यवस्था उपयुक्त हुन्छ, कसरी राज्य चलाउने, कस्तो शासन प्रणाली लागू गर्ने भन्ने निर्णयको अधिकार नागरिकसँगै हुन्छ ।

जनताले असल व्यक्तिलाई शासन गर्न छानेर पठाएमा राम्रो शासन र खराब व्यक्तिलाई पठाएमा नराम्रो शासन चल्दछ । जनताका लागि काम गर्ने व्यक्ति वा सरकारले आफ्नो सम्पत्ति कति छ भनेर सबैलाई थाहा दिने, आफूले गर्ने निर्णय किन र कसरी गरेको भनेर सबैले थाहा पाउने गरी पारदर्शी ढङ्गले गर्ने, नियम अनुसार सबैलाई समान व्यवहार गर्ने गर्नुपर्दछ । उसले जिम्मेवारी लिएको कामलाई पूरा गर्ने र जिम्मा लिएको काम पूरा गर्न नसकेमा किन सकिएन भनेर सबैलाई जानकारी दिनुपर्दछ । जनताको करबाट सरकार चल्ने गर्दछ । त्यसैले जनतालाई राज्यको ढुकुटीबाट गरिने खर्च बारे थाहा हुनुपर्दछ । बालबालिकाले पनि भ्रष्टाचारको विरोध, असल व्यक्तिको समर्थन गर्दै

सरकारमा भएका व्यक्ति र सरकारी कर्मचारीहरूले जनताको सेवा गर्नुपर्दछ भन्ने जानकारी राखेर सोही अनुसार सरकारबाट सेवा लिँदा ढुक्कसँग लिनुपर्दछ। नागरिकता लिन जाँदा होस् वा विद्यालयमा भर्ना हुन जाँदा होस् अथवा स्वास्थ्य चौकीमा उपचार लिन जाँदा होस्, हामीले नागरिकको रूपमा ढुक्कले आफूले पाउनुपर्ने सेवाको बारेमा बुझेर सेवा लिनु पर्दछ। सो सेवा लिँदा नियम अनुसार लाग्ने दस्तुर भन्दा बढी रकम तिर्नु हुँदैन। कसैले सेवा दिए बापत् कमिसन वा घुस मागेमा तुरुन्त कार्यालय प्रमुख वा प्रमुख जिल्ला अधिकारीलाई उजुरी गर्नु पर्दछ। यो हामी सबैको कर्तव्य हो।

सहयोग :

unicef

वि. सं. २०७१ (सन् २०१४)

UNFPA